मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३०८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज २२ गते बिहीवार (Thursday, October 8. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

''आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण''

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# संक्रमण: अहिलेसम्मकै उच्च

## जिसस झापाका प्रमुख तथा दमक नगर प्रमुख ओली दम्पत्तीलाई नै कोरोना

**बिर्तामोड, असोज २१।** बुधवार नेपालमा कोरोना संक्रमितको संख्या अहिलेसमम्कै उच्च भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा थप ३ हजार ४३९ जनामा कोरोना संक्रमण पुष्टि भएकोसंगै संक्रमितको संख्या अहिलेसम्मकै उच्च भएको हो। हालसम्म ९४ हजार २५३ संक्रमितको संख्या पुगेको बताइएको छ।

देशभरी सक्रिय संक्रमितको संख्या हालसम्म २५ हजार ७ जना पुगेको छ। २४ घण्टामा कोरोना संक्रमणबाट मुक्त भइ घर फर्किनेको संख्या १ हजार १२६ रहेको छ। योसँगै हालसम्म कोरोना संक्रमणबाट निको हुनेको संख्या ६८ हजार ६ सय ६८ पुगेको छ।

यता जिल्ला समन्वय समिति झापाका प्रमुख सोम पोर्तेलसहित दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली र उनकी श्रीमतीलाई कोरोना संक्रमण पुष्टि भएको छ। मेची प्रादेशिक अस्पतालमा स्वाव दिएका जिल्ला समन्वय समिति प्रमुख पोर्तेलको वुधवार बिहान रिपोर्ट आएको थियो। विभिन्न सार्बजनिक कार्यक्रममा सहभागी भएका पोर्तेललाई कोरोना संक्रमण भएसँगै अन्य व्यक्तिमा समेत कोरोना संक्रमण फैलन सक्ने भन्दै त्रास सृजना भएको छ।

उता दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली, उनकी श्रीमती लीलासहित ३ जना जनप्रतिनिधि पनि संक्रमित भएका छन्। योसँगै दमकमा कोरोना संक्रमतिको संख्या १८९ पुगेको छ। जसमध्ये १५५ जनाले कोरोना जितेका छन् भने एक संक्रमित महिलाले कोरोनासँग हारेर ज्यान गुमाइसकेकी छिन्। उद्योगी, व्यवसायी, कर्मचारीदेखि सर्वसाधारणसम्म कोरोनाबाट पीडित छन्। अहिले नगरमा सक्रिय संक्रमितको संख्या ३३ रहेको छ। तीमध्ये २५ जना होम आइसोलेसनमै उपचाररत् छन्।

संघीय सरकारले स्थानीय तहमै कोभिड-१९ विशेष कम्तीमा ३० बेडको आइसोलेसन कक्ष निर्माण गर्न सर्कुलर गरिसकेको छ। तर, दमक नगरपालिकाले अहिलेसम्म छुट्टै आइसोलेसन कक्ष सञ्चालन गरेको छैन। आम्दा अस्पतालमा केही आइसोलेसन कक्ष रहेका




भए पनि प्राय: खाली छैनन्। नगरपालिकाले छुट्टै कोरोना विशेष उपचारस्थल र संक्रमितहरुको मृत्यु भइहाले शव व्यवस्थापनका लागि कुनै तयारी गरेको छैन।

कोभिड १९को उपचारका लागि दमक-२ स्थित पुरानो शरणार्थी समन्वय एकाइको कार्यालय रहेको भवन र सशस्त्र प्रहरीको बेलडाँगी-१स्थित बेस क्याम्प परिसरमा भौतिक पूर्वाधारहरुको व्यवस्था मिलाउने जनाएको भए पनि एक महिना अघि शुरु भएको सो कामले अझै पूर्णता पाएको छैन। अन्य गाउँपालिका, नगरपालिकाहरु धेरैले छुट्टै आइसोलेसन कक्ष निर्माण गरेर आवश्यक जनशक्ति व्यवस्थापनका लागि तयारी थाले पनि दमकको पूर्व तयारी कमजोर देखिएको छ। दमक-२मा निर्माणाधीन आइसोलेसन भवनमा आवश्यक पूर्वाधारहरुको व्यवस्थापन सुस्त गतिमा हुँदा यहाँका संक्रमितहरु भोलि घरमै राख्न नमिल्ने र थप उपचारका लागि छुट्टै अस्पतालमा लैजानुपर्ने अवस्था आएको खण्डमा समस्या पर्न सक्छ तर स्थानीय सरकार त्यसको व्यवस्थापनमा गम्भीर छैन।

(बाँकी अन्तिम पृष्ठमा)

### मृत्युपछि दुई महिने शिशुलाई कोरोना पुष्टि

**भद्रपुर, असोज २१।** मेची प्रादेशिक अस्पताल भद्रपुरमा मृत्यु भएको दुई महिने शिशु (छोरा)मा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

अस्पतालबाट शिशुको शवलाई परिवारजनले बुझेर घर लगेको तीन घण्टापछि ती शिशुमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो। मृतक शिशुमा संक्रमण पुष्टि भएपछि अहिले उनको घर आसपास तथा छरछिमेकमा त्रास बढेको छ।

भद्रपुर नगरपालिका-८ बस्ने दुई महिने शिशुलाई निमोनियासँगै श्वासप्रश्वासको समस्या देखिएपछि उनलाई उपचारका लागि मंगलवार बिहान मेची अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएको थियो। शिशुमा कोरोना जस्तो लक्षण देखा परेपछि मेचीका चिकित्सकले कोरोना परीक्षणका लागि ती शिशुको स्वाब दिउँसो १२ बजे सङ्कलन गरेका थिए। स्वाब लिएको ६ घण्टाभित्रै ती शिशुको उपचारको क्रममा मृत्यु भएको अस्पताल प्रशासनले जनाएको छ।

यता संक्रमण पुष्टि भएका शिशुको शव परिवारजनले घर लगिसकेको जानकारी पाउनासाथ भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठसहित नगर स्वास्थ्य शाखाका टोली उनको घर पुगेको थियो। परिवारजनले बुधवार दाहसंस्कार गर्ने तयारीमा बसेका थिए।

तर, नगर स्वास्थ्य शाखाले ती शिशुको दाहसंस्कार लागि नेपाली सेनालाई जिम्मा लगाउन लागेको नगर स्वास्थ्य शाखाका फोकल पर्सन मनोज भट्टराईले जानकारी दिए। संक्रमित शिशुको शवलाई उनका परिवारका सदस्यसहित

(बाँकी अन्तिम पृष्ठमा)

सम्मेलन लगत्तै सम्राट पक्राउ

## विप्लव युवा संगठनको आपत्ति

**झापा, असोज २१।** नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट युवा संगठन झापाका जिल्ला अध्यक्ष सम्राट गिरफ्तार परेका छन्।

उनलाई सोमबार बेलुका घरमा परिवारसँग बसिरहेको अवस्थामा गिरफ्तार गरेको भन्दै विप्लव माओवादीले तत्काल रिहाइ गर्न माग गरेको छ। आइतबार मात्रै उक्त संगठनले झापाको शिवसतासीमा पार्टीको जिल्ला चौथो सम्मेलन सम्पन्न गरेको थियो भने अध्यक्षमा पक्राउ परेका सम्राटलाई चुनेको थियो।

संगठनका मेची-कोशी व्यूरो संयोजक नुलुकले एक प्रेस विज्ञप्ति जारी गर्दै उनको रिहाइको माग गरेका हुन्। विज्ञप्तिमा भनिएको छ- 'हाम्रो गौरवशाली संगठन युवा संगठन नेपाल झापा जिल्लाका अध्यक्ष कमरेड सम्राटलाई मिति २०७७-०६-१९ गते बेलुका घरमा परिवारसँग बसिरहेको अवस्थामा जनबिरोधी, राष्ट्रघाती सरकारद्वारा परिचालित प्रहरीले अपहरणशैलीमा गिरफ्तार गरेको छ। झापाका सचेत क्रान्तिकारी युवाहरुले भर्खरै सम्पन्न गरेको संगठनको चौथो जिल्ला सम्मेलनबाट अत्तालिएका दलालहरुका जल्लादहरुको यो निकृष्ट रबैयाको हाम्रो संगठन कडा शब्दमा निन्दा एवम् भत्सर्ना गर्दै गिरफ्तार कमरेडको तुरुन्त रिहाइको माग गर्दछ।'

भ्रष्टाचार, जनघात र राष्ट्रघातमा चुर्लुम्म डुबेका झापाका प्रशासक र सरकारी दानापानी खानेहरु विप्लव माओवादीले उठाएका जनता र राष्ट्रको हितका मुद्दाहरुबाट अत्तालिएका आरोप समेत लगाएको छ। विज्ञप्तिमा भनिएको छ- सम्राटको गिरफ्तारी झापामा रहेका सरकारी तक्मा झुण्ड्याएका जनघातीहरुको पराजित र हत्तोत्साही मानसिकताको पराकाष्टा हो।

विप्लव माओवादी र त्यसका संगठनहरुले जनताको बीचमा नितान्त राजनीतिक गतिबिधि गरिरहेको स्पष्ट पारेको छ। साथै विप्लव माओवादी कोरोना महामारीबिरुद्धको अभियानमा जुटिरहेको बताइएको छ। आफूहरु विशुद्ध राजनीतिक मुद्दाहरु बोकेर हिँडेको भन्दै अनावश्यक दमन तुरुन्त रोक्न चेतावनी समेत दिएको छ। राजनीतिक अधिकारलाई कुण्ठित गरेर द्वन्द्वको वातावरण बनाउनको निम्ति दमनलाइ निरन्तरता दिने हो भने संगठनले सशक्त प्रतिरोध गर्ने विज्ञप्तिमा उल्लेख छ।

दलाल, माफिया, भ्रष्टाचारी, लागूपदार्थ कारोबारीलाई कारबाही गर्दै गाउँबाट लखेट्ने निकर्ष निकाल्दै युवा

(बाँकी अन्तिम पृष्ठमा)

## होल्डिङ सेन्टर तत्काल हटाउन माग

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, असोज २१।** झापाको मेचीनगर-६ काँकरभिट्टा माविको खेलमैदानमा रहेको स्क्रिनिङ प्वाइन्ट होल्डिङ सेन्टर तत्काल हटाउन स्थानीयवासीले माग गरेका छन्। होल्डिङ सेन्टरको नाममा ठगीधन्दा चलेको भन्दै होल्डिङ सेन्टर तत्काल हटाउन माग गरिएको हो।

नेपाली सेनाको सौजन्य रहेको श्री नयाँ श्रीनाथ गण काँकरभिट्टा स्क्रिनिङ प्वाइन्ट, होल्डिङ सेन्टरमा पछिल्लो समय विभिन्न खालका विकृति-विसंगति बढेको भन्दै यसलाई सहज र व्यवस्थित बनाइनुपर्ने माग उठिरहेको बखत अहिले स्क्रिनिङ प्वाइन्ट, होल्डिङ सेन्टर तत्काल हटाउनुपर्ने माग समेत जोडदार रुपमा उठ्न थालेको छ। होल्डिङ सेन्टरका नाममा यात्रुले अनावश्यक सास्ती व्यहोर्नु परेको, दुई थरीको भाडा दर तिर्न बाध्य हुनु परेको कारण यस्तो समस्याको समाधान गर्न तत्काल र होल्डिङ सेन्टर हटाउनुपर्ने स्थानीयको माग छ।

विद्यालय परिसरमा रहेका कारण स-साना नानीहरुको मनोविज्ञानमा असर पर्ने भएकाले पनि यहाँबाट तत्काल स्क्रिनिङ प्वाइन्ट, होल्डिङ सेन्टर तत्काल हटाउनुपर्ने व्यवसायी ज्ञानेन्द्रकुमार घिमिरेको भनाइ छ। 'काँकरभिट्टाको होल्डिङ सेन्टरका विषयमा मेचीनगर नगरपालिकामा ज्ञापन-पत्र समेत बुझाएका छौं'- नेकपाका नेता समेत रहेका घिमिरेले भने- 'होल्डिङ सेन्टर जहाँ राखिएको छ, त्यो क्षेत्रका बालबालिकाहरु अध्ययनका लागि आउने विद्यालय छ, अर्को होल्डिङ सेन्टरका नाममा मान्छेलाई दिउँसै लुट्ने प्रवृत्तिको विकास भएको छ।

होल्डिङ सेन्टर सहज र व्यवस्थित नबन्दा पछिल्लो समय भारतलगायत अन्य मुलुकबाट नेपाल फर्कने नेपालीले अनावश्यक सास्ती व्यहोर्नु परेको नेपाली कांग्रेस मेचीनगर सचिव हस्तबहादुर आङ्देम्बेको भनाइ छ।

होल्डिङ्ग सेन्टरबाट जाने यात्रुले प्रचलित भाडादरभन्दा दोब्बर भाडा तिर्नुपरेको, पीसीआर रिपोर्ट आउन ढिला भएका कारण अनावश्यक रुपमा होटलमा बस्नु परेकाले सुरक्षाका मापदण्ड पूरा गरी भारत तथा अन्य मुलुकबाट नेपाल आउने जो कोहीलाई पनि पीसीआरको रिपोर्टका आधारमा सहज रुपमा उनीहरुलाई गन्तव्यसम्म पुग्ने वातावरण मिलाउनुपर्ने नेकपा मेचीनगर सचिवालय सदस्य भूपाल शिवाकोटीको भनाइ छ। मेचीनगर प्रमुख बिमल आचार्य र उपप्रमुख मीना पोखरेल उप्रेतीले तत्कालै यस विषयमा छलफल गरी नगरपालिकाको तर्फबाट होल्डिङ सेन्टरलाई थप सहज र व्यवस्थित बनाउने बताए।

## उपभोक्ता हित संरक्षण मञ्चद्वारा सरकारको ध्यानाकर्षण

**बिर्तामोड, असोज २१।** बजारमा कृत्रिम अभाव, कृत्रिम मूल्य निर्धारण, गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, आयात तथा विक्री वितरण भइरहेको भन्दै उपभोक्ता हित संरक्षण मञ्च नेपाल प्रदेश नम्वर १ले सरकारको ध्यानाकर्षण गराएको छ।

झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनामार्फत प्रधानमन्त्रीलाई मञ्चका अध्यक्ष ओमभक्त सेढाई र सदस्य यामनाथ विमलीले ध्यानाकर्षण पत्र पठाएका हुन्। ध्यानाकर्षण पत्रमा नापतौलमा ठगी, तरकारी, खाद्यान्न जस्ता वस्तुमा विषादी र अखाद्य वस्तुको प्रयोग, भ्रमपूर्ण विज्ञापन, सिन्डिकेट, कार्टेलिङ्ग, कालो बजारी, एकाधिकारपूर्ण,



निषेधित तथा अनुचित व्यापारिक क्रियाकलापहरु व्याप्त भई बजारमा अस्तव्यस्तता र दण्डहीनता कायम रहेको भनिएको छ। गुनासो गर्ने उपभोक्ताको सुरक्षा नहुनु, कमजोर गुनासो व्यवस्थापन र बजारमा प्रभावकारी नियमित अनुगमन हुन नसक्दा समग्रमा बजारमा सुशासनको

(बाँकी अन्तिम पृष्ठमा)

## सिम्रिक साकोसको नयाँ नेतृत्व

**बिर्तामोड, असोज २१।** सिम्रिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा सुवास भट्टराई निर्विरोध निर्वाचित भएका छन्।

संस्थाको नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचन कार्यक्रममा अध्यक्ष पदका लागि हालका सचिव सुवास भट्टराईको मात्र उम्मेदवारी परेपछि आगामी चार वर्षे कार्यकालका लागि उनी अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन्।



अध्यक्ष भट्टराई

संस्थामा चार जना पदाधिकारी तथा पाँच जना सञ्चालक सदस्य एवम् तीन सदस्यीय लेखा सुपरिवेक्षण समितिको आगामी चार वर्षे कार्यकालका लागि निर्वाचन कार्यक्रम सार्वजनिक गरिएको थियो।

सहकारी ऐन २०७४को भावना बमोजिम यही कात्तिक १ गतेदेखि सहकारी संस्थाको सञ्चालक समितिमा रहेका व्यक्तिले कार्यकारी प्रमुखको भूमिकामा रहन नमिल्ने भएपछि हालका अध्यक्ष कमलबहादुर बस्नेतले अध्यक्षमा उम्मेदवारी नदिएपछि अध्यक्ष पदमा भट्टराईको मात्र उम्मेदवारी परेको थियो।

संस्थाको अध्यक्षमा चयन भएका भट्टराई नेपाल

(बाँकी अन्तिम पृष्ठमा)

### किशोरी करणी आरोपमा दुई जना पक्राउ

**ताप्लेजुङ, असोज २१।** जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ परेका छन्।

१७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा आठराई त्रिवेणी गाउँपालिका-३ बस्ने संखुवासभा चैनपुर नगरपालिका-१ घर भएका ३१ वर्षीय दावा सेर्पालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ।

उता १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-५ बनिनियाँ भंगाहा बस्ने २४ वर्षीय दीपककुमार यादवलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!

हाम्रो शहर बिर्तामोडमा देश तथा विदेशमा अति नै लोकप्रिय गोल्ड स्टार कम्पनीको आधिकारिक शोरुम खुल्यो।



यहाँ विश्व प्रशिद्ध गोल्ड स्टार कम्पनीका आकर्षक जुत्ता तथा चप्पलहरु विभिन्न साइजहरुमा शुपथ मूल्यमा उपलब्ध छन्।



आर. के. इन्टरप्राइजेज
मुक्तिचौक दुर्गामन्दिरबाट १५० मी.पूर्व काँकरभिट्टा रोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४०४२१, मो. ९८४२७१६७०७

कोहेड (COHED) कलेजमा

कक्षा ११को भर्ना खुल्यो

विज्ञान: म्याथ/वायलोजी
व्यवस्थापन: कम्प्युटर साइन्स, होटेल मेनेजमेन्ट, विजनेश स्टडिज
मानविकी: रुरल डेभलपमेन्ट, सोसियोलोजी, अंग्रेजी, मास कम्युनिकेशन

एसईईको जिपिएको आधारमा छात्रबृत्तिको व्यवस्था गरिएको छ।
फर्म वितरण भइरहेको छ।
कार्यालय खुल्ने समय: विहान ७:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म
असोज २१ गतेदेखि कक्षा ११को अनलाइन कक्षा सञ्चालन हुनेछ।

सम्पर्क: कोहेड (COHED) कलेज
बिर्तामोड, झापा
फोन नं. ०२३-५४२८२४, ९८४२६३४३१९, ९८४२६३४३१२

GREEN FIELD WORLD SCHOOL
Birtamode-1, Jhapa, Nepal



Admission Open
From
Nursery to Grade IX

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np

पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा असोज २४ गते शनिवारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

## सुकेपोखरी–कुहिभिर पदमार्ग

# ‘गोठ स्टे’ रमाइलो र अविस्मरणीय

टीकाराम उप्रेती

**सुकेपोखरी (पाँचथर), असोज २१।** झण्डै छ महिनाभन्दा बढीको बन्दाबन्दीका कारण सुनसान रहेका पर्यटकीय स्थलमा चहलपहल बढ्न थालेको छ ।

पूर्वका पहाडी जिल्लाका पर्यटकीयस्थलमा बन्दाबन्दी खुलेपछि आन्तरिक पर्यटकको उपस्थिति देखिन थालेको हो । विश्वव्यापी फैलिएको माहामारी कोरोना भाइरसका कारण घरमा थुनिएर बसेका सर्वसाधारण रमणीयस्थलमा पुगेर रमाउन थालेका छन् । बन्दाबन्दीपछि पहिलोपटक औपचारिक रुपमा पर्यटकीय क्षेत्रमा कार्यक्रम गर्ने, नयाँ पर्यटकीय गन्तव्यको खोजी तथा प्रचारप्रसार गर्न थालिएको छ ।

यसैबीच इलाम र पाँचथरका पर्यटकीय क्षेत्रमा पूर्वका झापा, इलाम र पाँचथर जिल्लाका पर्यटन व्यवसायी, होटल व्यवसायी तथा स्थानीय बासिन्दाको संयुक्त पहलमा यस्ता क्षेत्रको अध्ययन अवलोकन गरिएको छ । इलाम र पाँचथरको सीमाक्षेत्रमा पर्ने सुकेपोखरीदेखि एक दिनको पैदलमार्गमा पूरा गर्न सकिने रमणीय क्षेत्र गुराँसको लेक, चौँरी तथा भेडीगोठ भरिएको फाँटिलो खर्कको बाटो हुँदै पैदल यात्रा गर्न सकिन्छ । यो पदमार्गमा जडीबुटीले भरिएको लेकाली वनस्पति घना जंगलभित्र चिसो मौसममा पैदल यात्रा गर्न रुचाउने अन्तरिक पर्यटकका लागि एकदिने छोटो नयाँ पदमार्गस्थल पहिचान गरिएको सुकेपोखरी लोहाकिल पर्यटन विकास मञ्चका सचिव सुरेश बान्तवाले बताए ।

पदमार्गको बीचबीचमा पर्ने गोठ स्टे र होम स्टेमा बस्ने सुत्ने नयाँ अनुभवको मौका मिल्ने गर्दछ। फरक स्वादको खानपान, जीवनशैलीको मौका होमस्टेमा मिल्ने गर्छ। यो मार्गमा पर्ने खर्कमा रहेका चौरी तथा भेडीगोठ अनि स्थानीय



गाईभैँसीका गोठलाई नै गोठ स्टेको रुपमा विकास गरिएको छ । यहाँ बस्दा स्थानीय चौँरी गाईको छुर्पी, दूध, घीउको स्वाद चाख्ने मौका मिल्छ। होम स्टे त धेरै सुनियो तर गोठ स्टे कस्तो हुँदोरहेछ भनेर जिज्ञासाले यहाँ गोठ स्टेमा बस्न आएको होटल व्यवसायी संघ दमकका अध्यक्ष राजन दंगालले बताए ।

यसबाहेक मौलिक खाना, राई समुदायको परम्परागत खाना वाचिपा, लोकल कुखुरा, खसी, बोकाको मासुदेखि सेलरोटी, कोदाको ढिँडो, आलु, मुला, गाजर, मकै भटमास, केराउलगायतका स्थानीय उत्पादनबाट बनेका खानाका परिकार यहाँको मुख्य विषेशता रहेको छ । ग्रामीण भेगको जनजीवनलाई नजिकबाट अध्ययन गर्न सकिने पर्यटनको अवधारणा मौलिक परम्परा, रहनसहन पर्यटकीय स्थलहरूको भ्रमण गर्न सकिनेछ ।

पाँचथरको फिदिम नगरपालिका-१४मा पर्ने सुकेपोखरी पर्यटकको रोजाइ बन्न थालेको छ । मेची राजमार्गअन्तर्गत पाँचथरको पौवाभञ्याङबाट दुई घण्टा उत्तरमा पैदल हिँडेपछि पुगिने सुकेपोखरी स्थानीयको पहलमा संरक्षण गरिएको छ । यसका साथै यो क्षेत्रमा रहेको पाँच वटा घरमा व्यावसायिक रुपमा नै होम स्टे सञ्चालन गरिएको छ । यस्तै यहाँ पाँच वटा गोठ स्टे समेत निर्माण गरिएको छ ।

सुकेपोखरीमा बेलुका बास बसेर त्यहाँबाट चार घण्टाको खर्क कुहिभिर हुँदै दिदीबहिनी झरनासम्म पुगेर मेची राजमार्गको बाघखोर चौकमा पुगेर पैदल मार्ग सकिन्छ । त्यस्तै इलाम-३ पुवामझुवामा रहेको पाटेनाँगी, इलाम र देउमाई नगरपालिकाको सीमानामा रहेको कुहिभिर यो मार्गका मुख्य आकर्षण हुन् । यो क्षेत्रमा न्यूनतम् विकास सडक, बत्ती, खानेपानीको राम्रो प्रबन्ध गर्न सकेमा अझ पर्यटक तान्न सकिने स्थानीयको भनाइ छ ।

## विवाह गर्न नमानेपछि किशोरीलाई भारतमा बन्धक...

**झापा, असोज २१।** आफूले मनपराएको मानिस अपराध कर्ममा समेत लाग्ने गरेको पाइएको छ । बर्दियाका एक व्यक्तिले मनपराएकी महिलाले आफूसँग ‘बिहे गर्न नमानेपछि’ किशोरीलाई भारत लगेर अढाइ महिनासम्म बन्धक बनाएको खुलासा भएको छ ।

गत साउन २ गते ३५ वर्षीय अगलेश यादव बाँकेको जानकी गाउँपालिका-५की १७ वर्षीया किशोरीको घरमा पुगे। अगलेश बर्दियाको बढैयाताल गाउँपालिका वडा नं. ७का हुन्। उनी विवाहित हुन्। २१ वर्षीय भाइ मुकेश र ५५ वर्षीय हरिराम अहिरलाई पनि उनले साथै लिएर गएका थिए ।

तीन जना भएर किशोरीलाई जबरजस्ती गरेर सीमासम्म पुगेपछि अगलेश किशोरी लिएर भारत गएका थिए । तर उनीसँग गएकाहरू भने नेपाल फर्किए । किशोरी हराएपछि परिवारका सदस्यले त्यसबेलै प्रहरीमा उजुरी दिएका थिए । अगलेशलाई मुकेश र हरिरामले सहयोग गरेको पत्ता लागेपछि प्रहरीले दुवैलाई पक्राउ गर्‍यो । पक्राउ परेकाले भारतसम्म लगेको बाहेक केही पनि भनेका थिएनन् । ती किशोरी र अगलेशबीच सामान्य चिनजान रहेको थाह भएको छ । पक्राउ परेका दुवैले यसबारे बताएका छन् ।

प्रहरीका अनुसार अगलेशले किशोरीलाई बिहे गर्न प्रस्ताव गरिरहेका थिए । किशोरीले नमानेपछि अपहरण गरेको प्रहरीको भनाइ छ । ती किशोरीलाई अढाइ महिनापछि प्रहरीले भारतबाट उद्धार गरेको छ । मंगलबार उद्धार गरेर नेपाल ल्याएकी ती किशोरी विक्षिप्त अवस्थामा छिन् । तर, यो घटनाको मुख्य भूमिकामा रहेका अगलेश भने पक्राउ नपरेकाले यथार्थ खुल्न बाँकी नै रहेको बाँके प्रहरीले जनाएको छ ।

अगलेश किशोरी लिएर भारत उत्तर प्रदेशको गौतमबुद्ध नगरको दुजाना भन्ने ठाउँमा पुगेका थिए । त्यहाँ एउटा कोठामा किशोरीलाई बन्धक बनाएका थिए । बाँके जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सुवास खड्काका अनुसार घरका परिवार धान रोप्न गएको मौका पारेर घरमा एक्लै रहेकी ती किशोरीलाई उनीहरूले अपहरणशैलीमा लगेका थिए । उनीमाथि अपहरणबाहेक अन्य अपराध भए नभएकोबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मुलुकी अपराध संहिता अनुसार अपहरणमा संलग्नलाई १०देखि १५ वर्षसम्म कैद र एक लाखदेखि डेढ लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने कानूनी व्यवस्था रहेको प्रहरीले जनाएको छ ।

## मिल्क होलिडेबाट मुक्त भए इलामका कृषक

**इलाम असोज २१।** दूध प्रशोधन गरी दूग्घजन्य पदार्थ उत्पादनमा सरकारले इलामका किसानलाई अनुदान दिएपछि पशुपालक कृषक मिल्क होलिडेबाट मुक्त भएका छन् ।

सरकारले दूग्ध उत्पादक सहकारी र डेरीमा अनुदान उपलब्ध गराउन थालेपछि इलामका कृषक मिल्क होलिडेबाट मुक्त भएका हुन्। प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले इलामका डेरीलाई अनुदान दिएको छ। योसँगै दूग्घजन्य पदार्थ उत्पादनमा कृषकलाई सघाउ पुगेको छ।

सरकारको अनुदानपछि यहाँका किसानहरुले दूध दिनको दुईपटक संस्थामा लैजान थालेका छन्। किसानले औजार र उपकरण खरिद गरेपछि मिल्क होलिडेको समस्या अन्त्य भएको हो। प्रशस्त दूध उत्पादन हुने इलामका किसानलाई मिल्क होलिडे हुँदा महिनामा आधा दिन दूध नबिक्ने समस्या थियो। चिस्यान केन्द्र सञ्चालन भएपछि जति दूध उत्पादन भएपनि बेच्न समस्या नभएको किसानहरुको भनाइ छ। डेरीमा जेनेरेटरसहित चिलिड भ्याट र मिल्क एनलाइजर जस्ता अत्याधुनिक उपकरण व्यवस्थापन गरिएको छ।

## करेन्ट लागेर एक जनाको मृत्यु

**मोरङ, असोज २१।** मोरङ बिराटनगर-८का ४० बर्षीय अशोक चौधरीको करेन्टको झड्काले लागेर मृत्यु भएको छ ।

बुढीगंगास्थित आरती स्टिल फ्याक्ट्रीमा बिजुलीको काम गर्ने क्रममा बुधवार अचानक विद्युत् सट भई करेन्ट लाग्दा चौधरी दुई तलामाथिबाट भुइँमा खसेका थिए । करेन्ट लागेर भुइँमा खसेर गम्भीर घाइते भएका चौधरीको नोबेल हस्पिटल बिराटनगरमा उपचारको क्रममा दिउँसो मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### मृत्युपछि ...

छरछिमेकले छोएको जानकारी आएकोले त्यहाँ स्वाब सङ्कलनको तयारी भइरहेको उनले बताए ।

### सिम्रिक ...

अलैंची व्यवसायी महासंघका महासचिव, नेपाल राष्ट्रिय वाणिज्य संघ बिर्तामोडका अध्यक्ष, झापा गोल्डकपका उपाध्यक्ष नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखा सदस्यलगायत विभिन्न संघ-संस्थाको नेतृत्वदायी भूमिकामा छन् ।

संस्थाको अध्यक्षमा चयन भएसँगै भट्टराईले संस्थालाई झापाकै नमूना सहकारी संस्था बनाउने बताए । त्यस्तै संस्थाको उपाध्यक्षमा किरण कपुरी, सचिवमा इन्द्रबहादुर कार्की, निर्विरोध निर्वाचित भएका छन् ।

उपाध्यक्षमा कपुरीको र सचिवमा कार्कीको मात्र उम्मेदवारी परेको थियो । कोषाध्यक्षमा हरिप्रसाद कडरिया, मेहरमान विष्ट र टंककुमार (प्रकाश) बस्नेतको उम्मेदवारी परेकोमा कडरिया र बस्नेतले उम्मेदवारी फिर्ता लिएपछि कोषाध्यक्षमा मेहरमान विष्ट निर्वाचित भएका छन् ।

त्यसैगरी संस्थाको पाँच जना सञ्चालक सदस्यहरुमा प्रकाश भट्टराई, शशिकला मुखिया, चन्द्रकला भट्टराई सुवेदी, लीला अधिकारी मुखिया र नवीन योगी (जोगी) निर्विरोध निर्वाचित भएका छन् । पाँच जना सञ्चालक सदस्य पदका लागि उनीहरुको मात्र उम्मेदवारी परेको थियो ।

त्यसैगरी लेखा सुपरीवेक्षण समिति संयोजकमा रमेश अधिकारी सदस्यहरु मीनप्रसाद गुरागाईं र ओमराज राई चयन भएका छन् । उनीहरु यसअघि सोही पदमा थिए । तीन जना लेखा सुपरीवेक्षण समितिमा पनि उनीहरु तीन जनाको मात्र उम्मेदवारी परेको थियो ।

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको काम कारबाहीहरु नीति, विधि अनुसार भए/नभएको हेर्न आन्तरिक नियमन गर्ने जिम्मेवारी पुनः पुरानै समितिले जिम्मेवारी पाएको संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले बताए । उनले नयाँ कार्यसमितिले पदभार ग्रहण गरेसंगै आफू संस्थाको प्रमुख कार्यकारी अधिकृत भएर सेवा गर्ने बताए ।

संस्थाको चार जना पदाधिकारी तथा पाँच जना सञ्चालक सदस्य एवम् तीन सदस्यीय लेखा सुपरिवेक्षण समितिको आगामी चार वर्ष कार्यकालका लागि निर्वाचन सम्पन्न गर्न बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत डिल्ली दाहालको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । निर्वाचन समितिका पदाधिकारीहरुमा नरबहादुर बस्नेत र मैयाँ लामिछाने रहेका छन् ।

नयाँ कार्यसमितिले आगामी असोज ३० गते हुने संस्थाको वार्षिक साधारणसभामा शपथ ग्रहणसहित पदभार ग्रहण गर्ने बताइएको छ । संस्थाको झापा जिल्लासहित इलामको माई नगरपालिकामा कार्यक्षेत्र रहेको बताइएको छ । सिम्रिकको कार्यक्षेत्र झापा जिल्लाका सबै पालिका र इलामको माई नगरपालिका रहेको छ ।

### विप्लव ...

संगठनले चौथो जिल्ला सम्मेलन सम्पन्न गरेको छ । उक्त कार्यक्रममा युवा संगठन नेपाल मेची कोशी ब्यूरो संयोजक नुलुक, जिल्ला सचिव श्रीजंग, जिल्ला सदस्य सुमन लगायतले वैज्ञानिक समाजवादी व्यवस्थाका लागि एकीकृत जनक्रान्तिमा लामबद्ध हुन अपिल गरेका थिए ।

उक्त सम्मेलनले सम्राटको नेतृत्वमा युवा सङ्गठन झापाको २१ सदस्य जिल्ला कमिटी समेत गठन गरेको थियो । पछिल्लो समय राज्यबाट प्रतिबन्धित रहेको यो पार्टीले झापामा आफ्नो सक्रियता बढाइरहेको छ । केही समय अघि मात्रै झापाका स्थानीय तहमा भ्रष्टाचार बढेको भन्दै जनप्रतिनिधिलाई जनकारबाही गर्ने धम्की दिएको थियो ।

यसैबीच हातहतियार तथा खरखजाना मुद्दाका आरोपितलाई धरौटी असुलेर तारेखमा छाड्न आदेश दिएका मनिष भनिने प्रवीण मिश्रलाई अदालत परिसरमै प्रहरीले घेरा हालेर पक्राउ गरेको थियो। मनिषको पक्राउप्रति प्रहरीको चौतर्फी आलोचना भएको छ।

### उपभोक्ता ...

अवस्था नितान्त कमजोर रहेको भन्दै स्वच्छ बजार र उपभोक्ता हित संरक्षणका क्षेत्रमा नेपाल सरकारबाट हाल भइरहेका प्रयासहरु अपर्याप्त रहेको ध्यानाकर्षणमा उल्लेख छ ।

१६ बुँदे ध्यानाकर्षण पत्रमा कोभिड-१९को कहरले सवैभन्दा बढी प्रभावित हुन पुगेको नेपाली बजार र सवैभन्दा बढी ठगी, शोषण र उत्पीडनको शिकार बन्नु परिरहेको उपभोक्तावर्गको हित संरक्षण लागि सरकार थप जिम्मेवार र संवेदनशील बन्नुपर्नेतर्फ सचेत रहन सरकारलाई आग्रह गरिएको छ ।

उपभोक्ता हित संरक्षण र स्वच्छ बजारको स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहमा क्रियाशील उपभोक्ता संस्थाहरुको क्षमता विकास गरी उपभोक्ता संस्थाहरु सरकार र कुनै अधिकारीका बिरोधी होइनन्, सरकारका अवैतनिक सहयोगी र लोकतन्त्र र समाजबादी राज्य व्यवस्थाका लागि आवश्यक सुन्दर पक्ष हुन् भन्ने बुझाइमा एकरुपता ल्याउन माग गरिएको छ ।

त्यस्तै भ्रमपूर्ण विज्ञापनको प्रचार, प्रशारण तथा प्रकाशनबाट उपभोक्ताहरुमाथि ब्यापक रुपले ठगी भइरहेकोले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ बमोजिम तत्काल विज्ञापन वोर्डको गठन गर्न समेत माग गरिएको छ ।

### संक्रमण ...

दमक नगरपालिकाका एक जना जनप्रतिनिधिले भने- हामीले धेरै अघिनै आइसोलेसन बनाउँ भन्यौं, हाकिम साबहरुले सुनेको नसुनेझैं गर्नुभयो, अहिलेसम्म आइसोलेसन भवन छैन । आफूहरु मर्यादा क्रममा तल्लो तहमा पर्ने भएकाले उपल्लो तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायतले सुझाव, सल्लाहको वेवास्ता गर्ने गरेकाले दमकमा समस्याले विकराल रुप लिन सक्ने अवस्था आएको उनले बताए ।

३० बेड क्षमताको निर्माणाधीन आइसोलेसन कक्षसंगै त्यहाँ खटिने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीका लागि पनि छुट्टै आवाससहितको बन्दोबस्ती आवश्यक हुन्छ तर त्यसका लागि निक्कै ढिलो भइसक्यो- नगरपालिकाको स्वास्थ्य शाखाका एक जना कर्मचारीले भने ।

**ओली दम्पत्ती वीपी प्रतिष्ठानमा**

दमकमा पछिल्लो समय देखिएका सक्रिय संक्रमितहरु मध्ये नगर प्रमुख ओली र पत्नी लीला ओली अहिले वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको कोभिड-१९ अस्पतालमा उपचाररत् छन्।

वडा नं. १०का वडाध्यक्ष बोधराज न्यौपाने आम्दा अस्पतालमा सञ्चालित आइसोलेसनमा छन् । अर्का एक जनप्रतिनिधि पनि संक्रमित छन्। ५१ बर्षका पुरुष जनप्रतिनिधि उनले आफ्नो पहिचान गोप्य राख्न चाहेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। दमकमा सञ्चालित क्वारेन्टाइनमा रहनेको संख्या भने बुधबारको दिन कूल १७ रहेको छ ।


**डेलिभरी ब्वाई चाहियो**

बिर्तामोडस्थित एक फास्ट फुड कर्नरको लागि डेलिभरी ब्वाई चाहिएकोले सम्पर्क गर्नुहोला। *नोटः मोटरसाइकल+लाइसेन्स हुनुपर्नेछ ।*

मो. ९८०४९५७१७०

**बिमालेख हरायो**

कचनकवलबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०४/१९ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः- मनिस दाहाल
ठेगानाः- घेराबारी-६, झापा
पोलेसी नं.ः- २०२०३१०३९
कम्पनी नामः नेपाल लाइफ इन्स्योरेन्स क.
सम्पर्कः ९८१८५७२३९१

**बिमालेख हरायो**

हल्दिवारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०४/२० गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः- अन्जीता उप्रेती
ठेगानाः- हल्दिवारी-१, गोलधाप
पोलेसी नं.ः- २०२०४२१०२
कम्पनी नामः नेपाल लाइफ इन्स्योरेन्स क.
सम्पर्कः ९८०४९०३९००

**हाम्रो रेस्टुरेन्ट**

झापा-३, राजगढ, बजार

**कुक को आवश्यकता**

आवश्यक सबै किसिमका खाने कुरा बनाउन जान्ने होटल या रेस्टुरेन्टमा काम गरेको हुनु पर्ने ।
खान बस्न सुविधा भएको
तलब आपसि समझदारीमा तय गर्ने ( कम्तीमा १०,०००) दिने
इच्छुक ले तुरुन्त सम्पर्क गर्न अनुरोध गरिन्छ
सम्पर्क नं. ९८०४९३३९३६/९८०२४०००२०९

**बाल्मीकि एजुकेशन फाउण्डेशन**

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनस**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

**प्रदेश सरकार**
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा**
प्रदेश न. १
( कार्यक्षेत्र :झापा र इलाम)

**प्रस्ताव आव्हानको सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०७७।०६।२२**
**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७।०७।२१**

आ.व. २०७७।०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा अन्तर्गत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनभित्र अर्थात् (मिति २०७७।०७।२१ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा वा सम्पर्क कार्यालय इलाममा तोकिएको ढाँचा (अनुसूची ६) बमोजिम आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । *साथै यस विषयमा थप जानकारीको लागि प्रदीपकुमार श्रेष्ठ, झापा (९८४२६२६१०३), डिगबहादुर कार्की, इलाम (९८४२६६३४४३) मा सम्पर्क गर्न सकिनेछ ।*

**तपशिलः**

**क. ब्लक कार्यक्षेत्रः** झापा र इलाम जिल्लाका सम्पूर्ण स्थानीय तहहरु

**ख. कार्यक्रमहरुः** माछा ब्लक-झापा जिल्ला, जलाशय क्षेत्रफल ६० हेक्टर, संख्या २
बाख्रा ब्लक- इलाम जिल्ला, बाख्रा संख्या ५०००, संख्या १

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
४) कार्य समितिको निर्णयको प्रतिलिपि ।
५) अनुसूची ७ अनुरुपको आधारभूत तथ्यांक फाराम ।

**आकर्षक घडेरी बिक्रीमा**

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

**सम्पर्क : ९८५११४४९४९**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## बढ्दो त्रास र उन्मुक्तिको बाटो

**आम नागरिकको लापरवाही र खेलाँचीले कोरोना भाइरसको जोखिम बढ्दै गएको छ । दिनहुँ संक्रमित थपिने क्रम र संख्याले अनुमान गर्न गाह्रो छैन कि प्रायः सबै संक्रमित छौं । त्यही दरमा मृत्यु हुनेको संख्या पनि थपिँदो छ । हिजो अर्थात् मंगलबारसम्ममा देशमा पाँच सय चौवन्न जनाले ज्यान गुमाउनु परेको अवस्थाले हामी कहाँको भयावहताको स्पष्ट चित्र देखाएको पनि छ । औषधि खोज नै नभइसकेको अवस्थामा यस्तो महाआतंकबाट जोगिने पहिलो प्रभावकारी उपाय भनेको सुरक्षाको मापदण्डको पालना नै हो । तर, हामीले अझै पनि सम्भावित जोखिमलाई अनुभूत गर्न सकिरहेका छैनौं । जनस्वास्थ्य विज्ञहरुले स्वास्थ्यका मापदण्डको पालना नभएका कारण जोखिम बढेको भन्दै सावधानी नअपनाए मानवीय क्षतिको श्रृंखला अझै उच्च हुने चेतावनी दिएका छन् । यही अवस्थाका बीच आसन्न दशैंले कोरोना संक्रमण विस्तारको क्रमलाई अरु बढाउने छ । त्यसबेला पश्चाताप बाहेक हामीसँग केही बाँकी रहने छैन ।**

**संक्रमण हुनेको तुलनामा संक्रमणमुक्त हुनेको संख्या मंगलबार भने केही बढी देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा दिइएको जानकारी अनुसार त्यही एकदिन संक्रमित हुने पन्ध्र सय एकाउन्न जना थिए भने तेइस सय चालीस जनाले संक्रमणलाई जितेका थिए । यसले थोरै आशा सञ्चार गराएको छ, तर गम्भीर प्रकृतिका विरामी थपिने क्रमले आवश्यक उपचार सेवा अपुग हुने निश्चित छ । सुविधा, साधन र स्रोतले सम्पन्न भनिएको राजधानी काठमाडौंमा आजकै दिनमा सघन उपचार कक्षको अभाव भइसकेको छ । त्यसबाहेक जीवन सहायक यन्त्र भेन्टिलेटरको अभावले सम्भावित भयावहताको चित्र देखाएको छ । सरकारले मापदण्डको बखान गरेर दिन कटाउने, पूर्वाधार तयार नगर्ने, स्वास्थ्य उपकरण नथप्ने र स्वास्थ्यकर्मीहरुलाई उत्प्रेरणा प्रदान नगर्ने हो भने नेपालीले झनै खराव दिनका लागि तयार रहनुपर्ने भएको छ ।**

**यही समय विश्व स्वास्थ्य संगठनले शक्ति राष्ट्र चीनलाई समेत नेपालले उछिनेको जनाएको छ । उसको जनसंख्या र भूगोलको तुलनामा अति सानो देश भए पनि कोरोना विस्तारको क्रममा नेपाल अघि पुगेको तथ्यले नेपालीलाई छुँदैन भने हाम्रो जीवन कोरोना आतंकका कारण अनिश्चित भएकै हो । बन्दाबन्दीबाट कोरोना रोकथाम र नियन्त्रण गर्न कस्सिएको सरकार त्यसबीचमा 'पानी गफ'नै रमायो । भौतिक पूर्वाधार थप्न आवश्यक ठानिएन, सचेतना शिक्षा प्रभावकारी ढंगले दिइएन, अन्ततः आज यो दिन देख्न पुगियो । अझ विश्व स्वास्थ्य संगठनले हरेक दश जनामध्ये एक जना कोरोना संक्रमित हुन सक्ने भन्दै विश्वमा मानव जातिको ठूलो समूह यसको जोखिममा पुगेको चेतावनी दिएपछि चिन्ता अरु थपिएको छ । हामीसँग न स्रोत छ, न साधन र उपचार सेवा नै । त्यसकारण पनि हाम्रो जीवन पद्धति बदलिनै पर्छ । स्वास्थ्यका मापदण्ड कडाइका साथ पालना गरिनै पर्छ । खानपान, आहार–विहार र नियमिततालाई स्वास्थ्य अनुकूल बनाउनै पर्छ । अन्यथा आसन्न जोखिम घरपिच्छै प्रवेश गर्नेछ र हामी सबैले त्यसको दुःखद् परिणाम व्यहोर्न तयार हुनु पर्छ ।**

# नकुल दाइसँगको उपलब्धिपूर्ण भेटघाट



प्रा.डा.गंगाप्रसाद अधिकारी

म काठमाडौंबाट भद्रपुर गएका बेला नकुल दाइ ( नकुल काजी) को घरमा प्रायः पुगेकै हुन्छु। म भद्रपुर पुगेपछि चूडामणि वशिष्ठ दाइ "जौं दाइसँग गफ गर्न" भन्नुहुन्छ, अनि लागिहाल्छौं त्यतै। तीन जना भेला भएपछि लामै गफ हुन्छ, साहित्य, साहित्यिक व्यक्ति, साहित्यिक गतिविधि, सीमा वारपार आदि आदि विषयमा।

"किन चाउरिइस् मरिच आरुनै पिरोले" भने जस्तै आरुनै पिरोले चाउरिएर भद्रपुरको उउटा कुनो रुँगेर बसेका उच्च स्तरीय साहित्यिक प्रतिभा र वरिष्ठ पत्रकार नकुल दाइ- मेरो मूल्याङ्न हो यो। यस पल्ट ठ्याक्कै त्यही विचार स्वयम् नकुल दाइबाट व्यक्त हुँदा मेरो सोचाइ प्रमाणित भएको अनुभव पनि भित्रभित्रै गरें। "तित्राको मुखै बैरी" भन्छन् नि ! साच्चै मुखै बैरी भएका मान्छे - नकुल दाइरु छुच्चो कुरा गर्ने अनि घोक्रेठ्याक् खाने। कसले देख्न सक्छ त यस्तो मान्छेलाई आजको यो चाकडी चाप्लुसीको जमानामा ! त्यो जमानामा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट अनुवादकमा मासिक सत्र हजार तलब खाने गरी पाएको नियुक्तिलाई प्राज्ञ विजय मल्लको मुखैमा रुयाँकिदिएर हिँड्ने त्यस्तो मान्छेलाई सन्काहा, घमण्डी नभने के भन्छ त दुनियाँले ?

जीवनका सत्तरी वसन्त खाइसकेका नकुल दाइसँग गफ गर्न जानुहोस्, तपाईंको इनर्जी पनि बच्छ नयाँ नयाँ कुरा पनि थाहा पाइन्छ। त्यसैले म पनि त्यहाँ जान पल्केको हुँ। एक प्रकारले भन्दा साहित्य र साहित्यकारबारेका सूचनाका खजानै हुनुहुन्छ नकुल दाइ। त्यस्ता देश खाएका व्यक्तिबाट नयाँ सूचना पाउनु स्वाभाविकै हो। त्यहाँ गएपछि आरुनो बोल्ने पालो कमै मात्र आउने हुँदा बोल्दा खर्च हुने शक्ति त बच्ने नै भयो। त्यहाँ पुगेर बोल्नु भनेको जिज्ञासा राख्नु मात्र हो, कहिले त त्यो काम पनि दाइ आफैं गर्नुहुन्छ- आफैं नयाँ प्रसङ्ग झिकेर। आफू धेरै बोलिरहन नपर्ने अनि केही न केही नयाँ जानकारी पनि पाइने भएपछि के चाहियो र ?



यस पटक म भद्रपुर पुगेकै दिन २०७३ पुस २१ को बेलुकीखेर वशिष्ठ दाइ र म उहाँकोमा पुग्यौं। दाइसँग नमस्कारको आदानप्रदान भयो। उहाँको बैठक कक्षमा बसेपछि रिमा भाउजूले पनि ३००/३०० एम.एल.चिया र एक प्लेट बिस्किट पस्केर स्वागत गर्नुभयो। चिया छोडिदिँदा त्यो पछि काम नलाग्ने भएकाले धेरै भए पनि चिया सप्पै र बिस्किट एकदुईवटा खाएर डल्लै छोडिदियौं र लाग्यौं नकुल दाइका गफतिर।

दाइको गफ अरू त के हुन्थ्यो र आरुनै अतीतबारे चर्चा गर्ने नै हो। हामीले त नकुल दाइको अतीतको स्वादिलो मोही पिउँदै नौनी चाहिँ डल्लो पारेर स्मृतिका हर्पेमा पथार्ने न हो ! दाइ कहिले दार्जिलिङ, कहिले खर्साङ, कहिले सिलगडी, कहिले काठमाडौं, कहिले सूधपा, कहिले नेपालका त्रिमूर्ति र अरू पुराना स्रष्टाहरूसम्म पुग्ने। कहिले कहिले कुनै प्रसङ्ग दोहोरिने पनि तर प्रायः भने नयाँ कुरा नै सुन्न पाइने। कहिले कहिले त आफ्नै पनि गोप्य कुरा समेत निर्धक्क भनिदिने !

कुरै कुरामा श्यामकृष्ण श्रेष्ठको प्रसङ्ग आयो। मैले दाइलाई रोक्दै बिचैमा मेरो स्मृतिमा निकै वर्षदेखि गाँठो परेर रहेको एउटा रहस्यबारे जिज्ञासा राखें। कस्तो गज्जब ! यसअघि कैयौं पटकका भेटघाटमा मलाई कोट्याउने सुद्धि नआएको त्यो प्रसङ्गको गाँठो आजै नकुल दाइबाट फुक्नु रहेछ र मेरो मथिङ्गलमा त्यो विषय उक्काउने कुरा फुऱ्यो।

२०६५ सालमा जुही प्रकाशनले श्यामकृष्ण श्रेष्ठबारे विशेषाङ्क निकाल्ने निधो गऱ्यो र त्यसबारे सङ्कलित सामग्रीको कम्प्युटर टाइपका साथै अनौपचारिक रूपमा सम्पादन कार्यको जिम्मा पनि त्यसका सम्पादक चूडामणि रेग्मी सरले मलाई नै सुम्पनुभयो। त्यही क्रममा इलामको कर्फोकमा २००९ मा नेपाली साहित्यका त्रिमूर्ति लेखनाथ, सम र देवकोटाको समुपस्थितिमा भएको कवि सम्मेलनबारेको श्यामकृष्ण श्रेष्ठको लेख पढ्ने मौका मिल्यो। त्यहाँ श्यामकृष्णले महाकवि देवकोटा सुतेकै ठाउँबाट राती नै गायब भएको रहस्यमय प्रसङ्गको उल्लेख गर्नुभएको रहेछ। नेपाली साहित्यका ती तीन महारथीहरूको खानपान र बसाइको व्यवस्थाका लागि श्यामकृष्ण लगायत केही युवालाई खटाइएको रहेछ। राती अचानक महाकवि ओछ्यानबाट ओढ्ने ओच्छ्याउनेसहित गायब भएको खबर श्यामकृष्णलाई आएछ। नभन्दै गएर हेर्दा खबर सत्य रहेछ। अरू दुइटा खाटमा सुतेका कविद्वय मस्त निदाइरहेका, महाकविको खाट भने रित्तै !

कसो कसो एक जनाको नजर देवकोटा सुतेको खाटमुनि परेछ, लौ ! त्यहाँ त महाकवि देवकोटा पो सिरकमा गुटुमुटु भएर सुतिरहेका ! बोलाउँदा पनि हल्ला हुने। हल्ला गरेर अरूको निन्द्रा बिगार्न पनि भएन ! जसोतसो देवकोटालाई उठाएर बाहिर निकाल्दा त सिरक मात्रै ! खोइ त ओछ्याउने लुगा ? अचम्म !

महाकवि देवकोटाले बाँकी दुई खाटमध्ये एउटालाई तल्लो ओठ चोसो पारेर सङ्केत गर्नुभएछ र भन्नुभएछ "यिनको त्यो फलानो शीर्षकको कविता मैले लेखिदिएको हो।"

भएछ के भने तीनमध्येका एक कविलाई ओछ्याउने पातलो भएर पटक्कै निन्द्रा परेनछ र "ओछ्याउने पातलो भयो" भन्दै गनगन गरिरहेछन्। देवकोटालाई भने झ्वाँक चलेछ र आरुनो ओच्छ्यान निजलाई नै खापिदिएर आफू सिरकसँग खाटमुनि पस्नुभएछ रिसले मुर्मुरिँदै। अर्का भनिएका व्यक्ति चाहिँ डबल ओच्छ्यानमा घुरिरहेका। व्यवस्थापकहरू देवकोटालाई अर्को बिछ्यौनाको व्यवस्था गरिदिएर फर्केछन्।

मेरो भने यस प्रसङ्गले दिमागमा गाँठा पाऱ्यो। तीन कविमध्ये कसलाई ओछ्यान पातलो भएर निन्द्रा लागेन होला ? त्यो त अनुमान भयो। देवकोटा जस्तै सर्वसाधारण लेखनाथलाई ओछ्यान पातलो भएकै कारण निन्द्रा नलागेको पक्कै होइन होला। बरु राजसी खानदानका सम नै ती अर्का व्यक्ति भएको अनुमान सहजै भयो तर देवकोटाले लेखेको त्यो समका नामको कविता चाहिँ कुन होला ? मेरो गाँठो फुस्काइदिने को ? श्यामकृष्ण श्रेष्ठले त्यो कुरा मरिगए खुस्काउनुहुन्न। अरू कसलाई थाहा होला र ?

त्यसबारेको रहस्य कतै बाहिर आउला कि भनेर मैले जुहीको श्यामकृष्ण अङ्कको पूरक अङ्कमा यसबारे छोटो लेख पनि लेखेको थिएँ। तर, आठ वर्षसम्म पनि त्यो गाँठो फुस्केन। मेरो जिज्ञासा सकिँदा नसकिँदै नकुल दाइको मुहारमा अर्कै चमक देखियो। दाइले उत्साहित भएर "ठिक ! त्यो कविता देवकोटाकै हो र समको नाममा छापिएकै हो।" भन्दै त्यस रहस्यको पर्दाफास गर्नुभयो। त्यो कविता रहेछ समको 'मृत्युपछिको अभिव्यञ्जना' भित्र परेको 'मद' भन्ने कविता। यस सङ्ग्रहको अङ्ग्रेजी अनुवाद 'Expression after death' भन्ने सङ्ग्रहमा धष्लभ शीर्षकमा पनि सङ्कलित रहेछ।

नकुल दाइले भने अनुसार २०२४ असार २९ गते नेपाली साहित्य परिषद्ले भद्रपुरमा भानुभक्तको सालिक स्थापना गरेर त्यसको अनावरणको कार्यक्रम राखेको रहेछ। त्यो कार्यक्रममा प्रमुख अतिथिका रुपमा काठमाडौंबाट बालकृष्ण सम र विराटनगरबाट बालकृष्ण पोखरेल, कोषराज रेग्मी, नरेन्द्र चापागाईं, डा. गणेश भण्डारी, सिलीगुडीबाट युवराज काफ्ले- मीनलाल सापकोटालगायतका थुप्रै स्वनामधन्य व्यक्तित्वहरु आएका रहेछन्। तत्काल राजसभा स्थायी समितिका सदस्य पनि रहेका कवि तथा नाटककार समलाई चन्द्रगढी गेस्टहाउसमा बस्ने प्रबन्ध गरिएको रहेछ। त्यहीं परिषद्का अध्यक्ष डा. हृषीकेश उपाध्यायले भद्रपुरका युवा स्रष्टाहरुको समसँग परिचय गराउने क्रममा नकुल दाइलाई परिचय गराएपछि समसँग नकुल दाइले यही प्रश्न राखेर ऱ्याखऱ्याख्ती पार्दा समले अन्कनाउँदै "मेरा कविताहरू कहिले काहीँ गुरुजी (देवकोटा)-ले पनि सारिदिने गर्नुहुन्थ्यो।" मात्र भन्न भ्याएपछि अञ्चलाधीश मनमोहन मिश्रले "तपाईं यस्ता वाहियात प्रश्न नगर्नुस्" भन्दै नकुल दाइ लगायत सबै युवाहरुलाई बाहिर धपाइदिए रे ! नकुल दाइकै भनाइमा त्यस्ता कागखुट्टे अक्षर लेख्ने देवकोटालाई त्यति राम्रा अक्षर लेख्ने समले कविता सार्न लगाऊन् न देवकोटालाई समका कविता साफी गरिदिने फुर्सद होस्, पुङ् न पुच्छरको कुरा !

यस दिनको मुख्य विषय नै यही भयो। समबारे यति मात्र होइन हामीले अरू अरू पनि निकै सकारात्मक नकारात्मक कुरा काट्यौं र दाइबाट बिदा भयौं- यत्रो समयसम्म गाँठो परेको रहस्यको पर्दा उघारिदिएकोमा दाइलाई मुरीमुरी धन्यवाद दिँदै। मलाई लाग्यो नकुल दाइसँगका भलाकुसारीहरूमध्येको सबैभन्दा उपलब्धिपूर्ण अवसर थियो यो।

*२०७३ पुस २२*
*भद्रपुर ८, अस्पताल मोड,*
*बिहान ९ बजे।*

# बैगुन्धुरालाई फर्केर नियाल्दा



वेणुप्रसाद अधिकारी

आजको कुरा होइन, आजभन्दा पाँच दशक पहिले जब म १ वर्षको थिएँ। त्यसताका हाम्रो परिवार वि.सं.२०२२ सालमा धनकुटाको चानुवाबाट बसाई सरी झापाको बैगुन्धुराको बढिधापमा आई स्थायी बसोबास गर्न थालेको थियो। जुनबेला यो ठाउँ महाभारा गाविसको वार्ड नं.८ मा अवस्थित थियो। पछि यही गाविस फुटेर बैगुन्धुरा गाविसले चिनिन थाल्यो। हामी बसेको ठाउँ वार्ड नं.१ बढिधापमा पर्दथ्यो।

त्यसै त ठूलो परिवार त्यसमा पनि बसाई सरी आएको वर्ष यति दुःख थियो भनी साध्यै नै थिएन। यहाँ नजिकै कुनै बजार थिएन। त्यसताका बजार भर्न त्यहाँबाट पैदल हिँडेर झण्डै दुई-तीन घण्टाको बाटो हिँडेपछि मात्र नजिकका बजार गौरीगञ्ज, गौरादह, झापा र रंगेली पुगिन्थ्यो। त्यसबेला यातायातका साधन भनेको घोडा, राँगा या गोरुगाडा नै प्रमुख थिए। यिनै साधनद्वारा त्यसबेला सयर गरिन्थ्यो। औषधोपचारको कुरा परै जाओस् सामान्यभन्दा पनि सामान्य बिरामी पर्दा पनि बैद्य कै भरपर्ने अवस्था थियो। नजिकै अस्पताल थिएनन्। जानुपर्दा कि त विराटनगर कि त धरान कि त भद्रपुर नै पुग्नु पर्थ्यो। त्यति बेलासम्ममा जटिल रोग लागेकाहरुले अकालमै मृत्युवरण गर्नु सिवाय अरु कुनै विकल्प नै थिएन। कतिले त औषधि नै नभेटी ज्यान गुमाउनु पर्दथ्यो।

हामी यहाँ आउनुभन्दा अगावै यस ठाउँको स्थापना भइसकेको थियो। यहाँका जानिफकारसँग सोद्धा र बुझ्दा उनीहरुले बताए अनुसार यो क्षेत्र त्यसताका राजा महेन्द्रका भाइहरु हिमालय र वशुन्धराको बिर्ता थियो। यो बिर्ता दमकदेखि केही भाग तोपगाछी, गौरादह र बैगुन्धुरादेखि भुडेसिमलसम्मको भू-भाग थियो। यो क्षेत्र त्यसबेला पूरै जङ्गला मुलुक थियो। त्यसताका यहाँ आदिमबासीका काला वर्ण, होचा र मोटा कदका सन्थाल जातिहरुको बसोबास र बाहुल्यता थियो। उनीहरु तिर धनु विद्यामा निपूर्ण भएका कारण जङ्गली जनावरको शिकार गरी जिविकोपार्जन गर्दै आएका थिए। खेतीपाती खासै गरिँदैन थियो। कन्दमुल र पशुको शिकारमा नै उनीहरुको परिवार आश्रित थियो।

त्यसबेला यहाँ सन्थाल जातिका बस्तीहरु प्रशस्तै थिए। हालको बैगुन्धुरा बजारमा सन्थालको ठूलो बस्ती बसेको थियो। यो बस्तीको मुख्य व्यक्ति बैगुन नाम गरेका सन्थाल थिए। सन्थाल भाषामा गाउँको मुख्य व्यक्तिलाई माझीहडाम भनिन्थ्यो। यिनैद्वारा त्यहाँको कानून निर्माण र विभिन्न विषयमा न्याय सम्पादन गर्ने काम हुने गर्दथ्यो। उनी गाउँकै मुख्य व्यक्ति थिए। उनैले यहाँको झैं-झगडा र मुद्दा मामिला हेर्ने र छिनोफानो गर्ने गर्थे। हाल यी जातिका सन्थाल यहाँबाट केही घरपरिवार बाहेक अन्य सबै घरपरिवार विस्थापित भई भारतको दरभंगा जिल्लामा गई बसोबास गर्दै रहेका छन् भन्ने सुन्नमा आउँछ।

बैगुन्धुराको नामाकरणलाई लिएर विभिन्न मतभेद भएको पाइएता पनि ऐतिहाहिक रुपमा यसको मुख्य कारण भने यस्तो रहेको पाइन्छ। यहाँ परापूर्वकालदेखि स्थायी बसोबास गर्दै आएका यिनै सन्थाल बैगुनको नामले यस ठाउँको नाम बैगुन्धुरा रहन गएको जानिफकार बताउँछन्। त्यसताका यहाँ सन्थाल जातिका दहगाउँ, रेक्सा, ग्वालमुनी, सरकार आदि इत्यादि नामका बस्तीहरु थिए र यद्यपि पनि छदैछन्। यी बस्तीको नामाकरण पनि यिनै सन्थाल व्यक्तिका मानिसको नामबाट रहन गएको छ। बसाई सराईको कारणपछि पहाडी मूलका मानिसहरु बिस्तारै यहाँ आई बसोबास गर्न थाले। वि.सं.२०११ सालमा कर्नेल भक्तबहादुर बस्नेत, कप्तान नृपबहादुर ढुंगाना र विचारी सहेनध्वज भट्टराईहरुको नेतृत्वमा यो जङ्गल फडानी शुरु भएको थियो। फडानीका क्रममा यहाँ विशेष गरेर धनकुटा, तेह्रथुम, भोजपुर र चैनपुरबाट पहाडी मूलका पौडेल, ढुंगाना, भट्टराई, अधिकारी, बस्नेत, निरौला र पोख्रेल थरका मानिसहरु आई बसोबास गर्न थालेका हुन्। हाल यस ठाउँमा यिनैहरुकै बाहुल्यता छ।

त्यसबेला यहाँका प्रधानपञ्च नृपबहादुर ढुंगाना थिए। उनको त्यहाँ निक्कै हालीमुहाली नै चलेको थियो। उनले पञ्चायातकालको ३० वर्षभरि नै प्रधानपञ्च भएर एकछत्र शासन गरिरहे। सामान्य गतिमा विकासले फड्को मार्दै आएको थियो। गाउँ फर्क अभियान सँगै केरखा-बैगुन्धुरा सडक विस्तार



भएको थियो। बिस्तारै गौरीगञ्ज, गौरादह र झापा बजारसम्म जोड्ने सडकहरुको बिस्तार भयो। तर, कमल र कृष्ण खोलाले गर्दा वर्षायाममा यो ठाउँ कालापानी नै थियो। नदीमा पुल-पुलेसा नहुँदा यस ठाउँबाट अन्य ठाउँमा आवत-जावत गर्न ज्यादै कठिन नै थियो। जानु नै पर्दा पनि उर्लदो बाढीको भेल हेलिएर नै पार तर्नु पर्दथ्यो। पार तरे तरी हालिन्थ्यो नत्र सदाका लागि मुक्ति मिल्थ्यो। यसरी कयौंले ज्यानै गुमाउने अवस्था थियो ।

शैक्षिक गतिविधिमा त्यसबेला यहाँ दुईवटा प्राथमिक विद्यालय केन्द्र नं. १, २ गरी अमर प्रावि र लेखनाथ प्रावि सञ्चालनमा आएका थिए। केन्द्र नं.१ नै पछि आएर अमर मावि नामले स्थापित छ। वि.सं.२०२४/२०२५ सालमा यहाँ अमर जुनियर हाई स्कूल पनि सञ्चालन आएको थियो। तर, के कारणले हो यो पूर्णरुपमा सञ्चालन भने भएन। यही विद्यालयलाई अमर निमावि नामले सुचारु गरियो। पछि शिक्षामन्त्री हिरालाल विश्वकर्माले स्थलगत अनुगमन र निरीक्षण भ्रमण गरेपछि वि.सं.२०३६ सालमा यसलाई मावि सञ्चालन गर्न अनुमति दिएपछि हालसम्म माविका रुपमा सञ्चालन भइरहेको छ। हाल यहाँ कक्षा १ देखि १२ सम्मको पठनपाठन भइरहेको छ। यो विद्यालय नहुँदा उच्च शिक्षाका लागि दुई-तीन घण्टाको बाटो छिचोलेर आसपासका गौरादह, गौरीगञ्ज र शिवगञ्जका मावि विद्यालय धाउनुपर्ने बाध्यात्मक स्थिति थियो। क्याम्पस स्तरको शिक्षा आर्जन गर्न विराटनगर, धरान र भद्रपुर नै जानु पर्दथ्यो। केन्द्र नं.२ लेखनाथ भने हाल निमाविका रुपमा सञ्चालन छ। यहाँ कक्षा १ देखि ७ सम्मको पठनपाठन भइरहेको छ। यस अलवा हाल यहाँ बलभद्र प्रा.वि.जीवनज्योती र शिद्धिदाता प्रावि पनि सञ्चालनमा छन्। संस्कृत र कर्मकाण्डलाई पनि निरन्तरता दिँदै यहाँ एउटा गुरुकूल विद्यालय पनि सञ्चालनमा छ। निजी स्तरबाट पनि एउटा अंग्रेजी मावि सञ्चालित छ।

देशमा उथलपुथल हुन थालेपछि पञ्चायतकालमै पनि बहुदलीय जनलहर आएपछि बहुदलबादी पक्षका जनपक्षीय उम्मेदवारका रुपमा नेकपा एमालेबाट सीताराम दाहाल गाविस अध्यक्ष भएका थिए। उनले एक कार्यकाल शासन गरे। त्यसपछि वि.सं.२०४६ सालमा बहुदलीय व्यवस्था आएपछि नेपाली कांग्रेसको तर्फबाट उत्तम चम्लागाई गाविस अध्यक्ष भएका थिए। उनले पनि एक वर्षको कार्यकाल पूरा गरेका थिए। यसबेला केही अंशमा भए पनि विकासले गति लिएको थियो। सडक सञ्जाल, विद्युत्, सञ्चार र यातायातले गति लिएको थियो। १० वर्षे जनयुद्धकालमा कार्यालय सचिवले नै झण्डै १० वर्ष सर्वदलीय संयन्त्रका रुपमा कार्यवाहक अध्यक्षको रुपमा रही कार्य सम्पादन गरेका थिए। नेपालमा संविधान सभाको निर्वाचन भएपश्चात बनेको संविधान २०७२ लागू भएपछि स्थानीय तहको निर्वाचनबाट हालको गौरादह नगरपालिकाको वार्ड नं.९ बाट सीताराम भट्टराई वडाध्यक्ष निर्वाचित भएका छन्। हाल यो गाविस गौरादह नगरपालिकासँग गाभिन गएको छ। यो वि.सं.२०७३ सालमा गौरादह नगरापालिकासँग गाभिएको हो।

विगतको दाँजोमा हालको बैगुन्धुरालाई हेर्दा यहाँ धेरै परिवर्तन भएको देखिन्छ। त्यसबेला औषधि सेवन गर्न नपाएर अनाहकमा मानिसको ज्यान जान्थ्यो भने अहिले आएर यहाँ स्वास्थ्य चौकी र आयुर्वेदिक अस्पताल पनि सञ्चालनमा छ। यहाँबाट बाहिर जानुपर्दा घण्टौंको पैदलयात्रा तय गर्न बाध्य थियो भने हाल यो ठाउँ केरखा, कोरोबारी र गौरादहसँग जोडिँदै पूर्व-पश्चिम लोकमार्गसँग जोडिन पुगेको छ। प्रशस्तै यातायातका साधनहरु चल्ने गरेका छन्। पहिले यहाँ कुनै कपडा पसल थिएनन्। मानिसको मृत्यु हुँदा पनि कात्रो किन्न घण्टौं लगाएर नजिकका पसल चाहनु पर्दथ्यो। तर, आज यही ठूला-ठूला कपडा पसल सञ्चालनमा छन्। बजारको उचित व्यवस्थापन भएकाले यहाँ अन्य किराना, हार्डवेयर, उद्योग समेत सञ्चालनमा रहेका छन्। सुरक्षा प्रबन्ध राम्रो नहुँदा रातभरि माल गोठमा गाईबस्तुको दाम्लो समातेर सुत्न बाध्य हुनुपर्नेमा आज सशस्त्र प्रहरी बलको कार्यालय बस्नाले जनताकोज्यूँ धनको सुरक्षा भएको छ। शान्ति सुरक्षाको प्रत्याभूति जनतामा भएको छ।

समयको गति निरन्तर चलिरहेको हुन्छ। यही गतिलाई ढिलै भए पनि बैगुन्धुराले समात्न सकेको छ। अहिले यहाँ सूचना, सञ्चार र प्रविधिको पहुँच पुगेको छ। सबै सडक सञ्जालको स्तरोन्नति हुनुका साथै भरपुर मात्रामा सवारीका साधनहरु भित्रिएका छन्। हिजोको दाँजोमा आज यसलाई दाँज्ने हो भने यस ठाउँले काँचुली फेर्न लागेको छ। स्थायी रुपमा यहाँ बसोबास गर्नेहरुले यसै ठाउँको उन्नति र विकास सोचेर आफू बाहिर कतै नगई यहीं ठाँउमा ठूला-ठूला एक-दुई तले पक्की भवन पनि बनाएका छन् । यसबाट प्रस्ट हुन्छ कि हिजोको तुलनामा आजको बैगुन्धुरा कयौं गुणाले अगाडि बढेको छ। यसको विकास र सम्बर्द्धनमा बैगुन्धुराबासीहरुको ठूलो हात भएकाले उनीहरु नै यसमा सक्रिय रहन जरुरी छ।

# बैंकका शाखा नहुँदा समस्या

□ युद्धबहादुर बोहोरा

**इलाम, असोज २१।** दुई जिल्लाको सिमानामा अवस्थित घुर्बिसे पञ्चमी बजारमा हालसम्म कुनै पनि बैंकको शाखा सञ्चालनमा आएका छैनन् ।

हरेक बजार क्षेत्रमा प्रतिस्पर्धात्मक ढंगले बैंक शाखा बिस्तार हुने होडबाजी भएता पनि यस बजारमा एउटा पनि शाखा नभएको सुन्दा अन्य ठाउँका मानिसहरु आश्चर्य मान्न थालेका छन् । बैंक खाता खोल्न, बचत तथा ऋण कारोबार गर्न फिदिम, इलाम र झापा जस्ता ठाउँहरुमा केही दिनको समय मिलाएर जानुपर्ने बाध्यता रहेको स्थानीय एलिसा कम्प्युटर सप्लायर्सका सञ्चालक सन्तोस नेम्वाङको गुनासो छ ।

राँके-रवि-भेडेटार सडक अन्तर्गत राँकेदेखि करिब नौ किलोमिटर नजिकमा रहेको यस बजारको आसपासमा बैंक सेवा नहुँदा स्थानीयले बैंकिङ्ग कारोबार गर्न असुविधा महशुस गर्न थालेका छन् । सीमावर्ती क्षेत्रमा विगत लामो समयदेखि प्रत्येक महिनामा दुईपटक हटिया लाग्ने यस बजारमा कृषिजन्य उत्पादन अलैंची, अदुवा, कुचो, अकबरे खोर्सानी, दूध लगायतको बिक्री तथा संकलन केन्द्रको रुपमा परिचित छ ।

सुनचाँदी, हार्डवेयर, लत्ताकपडा, किराना, होटल, मेडिकल, टेलरिङ्ग, स्टेशनरी, शैलुन, पार्लर, मोटरसाइकल ग्यारेज लगायतका व्यावसाय छन् । फाल्गुनन्द गाउँपालिका कार्यालय साथै वडा नं. ५ को वडा कार्यालय, प्रहरी चौकी, निजी तथा सरकारी विद्यालय, स्वास्थ्य चौकी, आयुर्वेद, माइक्रो फाइनाइन्स, ऋृण सहकारी, आइएमई लगायतका संस्था सञ्चालित रहेको यस ठाउँमा भरपर्दो बैंकको शाखा विस्तार हुने हो भने नजिकै रहेका दशमी र पुरानो पञ्चमी बजार क्षेत्रसहित फाल्गुनन्द-४, ५, ७, मिक्लाजुङ-१ र फाकफोकथुम-१ र २ का बासिन्दा प्रत्यक्ष लाभाम्वित हुने छन् ।

स्थानीय तहमा भित्रिएका बैंकमध्ये फाल्गुनन्दको राँकेमा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको शाखा ल्याउन प्रक्रिया अगाडि बढाइएको गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्वाङले जानकारी दिए ।

यसअघि एनसीसी बैंक प्रदेश नं. १ का प्रमुख रामनाथ गौतमको टोलीले घुर्बिसे पञ्चमीको स्थलगत अवलोकन गरि फिदिम शाखा मार्फत एक्सटेन्सन काउन्टर राख्न बजार व्यवस्थापन समितिको निर्णय र स्थानीयबासीसँग परामर्श गरेको भएता पनि अहिलेसम्म कुनै प्रतिक्रिया नआएको बजार व्यवस्थापन समितिका सचिव टिका सम्वाहाम्फेले बताए ।

एक्सटेन्सन काउन्टरबाट सम्पूर्ण सुविधा उपलब्ध नहुने हुँदा जुनसुकै बैंकको भए पनि शाखा खोलिनु उपयुक्त हुने साथै बैंकलाई फ्रेस मार्केट मिल्ने एनसीसी बैंक फिदिम शाखाका प्रबन्धक पदम बोहोराको भनाइ छ ।


## जग्गा बिक्रीमा

चन्द्रगढी लेखनाथ चोकबाट २.५ कि.मी. पश्चिम हल्दीबारीमा आवासीय घडेरीहरु ४.५ कठ्ठा टुक्रा पारेर दिन सकिने घडेरी बिक्रीमा ।

सम्पर्क: ९८०८४९३७८२

## राहदानी हरायो

सुरुङ्गाबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७।०५।१७ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- श्रवण मण्डल
**ठेगाना**:-कनकाई नपा-३, सुरुङ्गा, झापा
**राहदानी नं.**:- ०६५७३१६८

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

## सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।

उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
धिमिरे अफसेट प्रेस बिर्तामोडमा


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| विजली दास | बालुबाडी-७ | १९२ | ८१.०० | नन्दे राजवंशी/वेदे राजवंशी |
| दधिलाल राजवंशी समेत | बालुबाडी-७ | २०४ | ३३८.६३ | नन्दे राजवंशी/वेदे राजवंशी |
| मनोजकुमार माझी | बालुबाडी-७ | १९३ | १३७.०० | नन्दे राजवंशी/वेदे राजवंशी |
| टिकादेवी चापागाई | डाँगीबारी-५ | ७३७ | ०-९-० | छेदा राजवंशी |
| लहडसिंह राजवंशी | बालुबाडी-१ | ११६ | ३७०.०० | भालसिंह हजाम/भालसिंह |
| रामचन्द्र राजवंशी | केचना-८ | ३१७ | ९१५.०० | भिटल गणेश |
| रामचन्द्र राजवंशी | केचना-८ | ३०<br>६८३ | ३७५.००<br>२७५०.०० | लगनसिंह/उगनसिंह राजवंशी |


## Dubai मा अफिस ब्वाई, मर्चेन्डाईजर, महिला तथा पुरुष सेक्युरिटी गार्डहरुलाई, रोजगार

१.कम्पनी **Deyaar Facilities Management LLC, UAE**

पूर्व स्वीकृती मिति २०७६।१०।०७ | चलानी नं. ६०१५३३०६ | LT.No. 234471

| क्र.सं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards/Guards | 100 | साधारण लेखपढ | 1200 | ३८,४०० | ६ दिन | ८ घण्टा | श्र. नि. अनुसार | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 100 | | 800 | २५,६०० | | | | | | | |
| 3 | Office Boy | 50 | | 900 | २८,८०० | | | | | | | |

नोट: १. अफिस ब्वाई, मर्चेन्डाईसर र सेक्युरिटी गार्डको हकमा अंग्रेजी भाषा राम्रोसंग जान्ने हुनु पर्दछ ।
२. उचाई कम्तिमा ५ फिट ४ इन्च भन्दा माथि हुनु पर्नेछ ।

२.कम्पनी **ABU Dhabi Berkeley Services LLC, Abu Dhabi, UAE**

पूर्व स्वीकृती मिति २०७६।१०।२७ | चलानी नं. ६०१५२०२३ | LT.No. 232815

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | कामको अनुभव | 800 | २५,६०० | ६ दिन | ८ घण्टा | श्र. नि. अनुसार | | छ | छ | २ वर्ष |

नोट: १. क्लिनरको हकमा उमेर १८ देखि ४५ वर्ष नजाघेको हुन हुनु पर्नेछ ।

फाईनल अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट शाखा कार्यालय बिर्तामोडमा मिति २०७७ असोज २५ गते (11 Oct., 2020) मा र काठमाण्डौमा मिति २०७७ असोज २६ गते (12 Oct., 2020) मा हुनेछ ।

## शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.

सामाखुशी रिङ्गरोड, काठमाडौं । सम्पर्क: ०१-४३८७५९१, ४३८७५९२
शाखा कार्यालय बिर्तामोड:- ०२३-५४१०६०, ५४०५१७, ५४५३३८८, मो. ९८०१०३३५७७
९८०१०३३५७२, ९८०१०२३८१३, ९८०१०३३५७५, ९८०१०३३५७०, ९८०१०३३५७४
Email: pr@siwakoti.com, siwakoti806@gmail.com

## आवश्यकता

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई निम्न कर्मचारी चाहियो ।
पद : मार्केटिङ/सेल्स (महिला/पुरुष)
तलब : कम्पनीको नियम अनुसार

**कञ्चनजंघा हस्पिटल ई.(प्रा.लि.)**
९८०१४२३६४८, ९८०१४२३६४४

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९
९८४१३२१४६४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, बिहीवारे बजार लक्ष्मीपुर

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटरसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
## गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरु :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४


नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक: ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत: ॥ २:२३ ॥

## हार्दिक श्रद्धाञ्जली/कृतज्ञता

जन्म
वि.स. २००२।११।१६



स्वर्गारोहण
वि.स. २०७७।०६।१०

**स्व. धर्मानन्द घिमिरे**

हाम्रा प्रात: स्मरणीय पति/बुबा/हजुरबुबा बुद्धशान्ति गाउँपालिका-१ झापा हडिया बुधवारे निवासी धर्मानन्द घिमिरेज्यूको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् दु:खी बनाएको छ । दु:खको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै आज १३औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

साथै शोकको पीडादायी क्षणमा रहेको बेला हामीप्रति सहानुभूति, शुभेच्छा तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण महानुभाव, इष्टमित्र तथा आफन्तजनमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

धर्मपत्नी
पुण्यमाया घिमिरे

छोरा/बुहारी
खेमनाथ घिमिरे/तुलसा दाहाल घिमिरे [redacted]
जय घिमिरे/संगीता ढकाल घिमिरे
चन्द्रमणि घिमिरे/जुना बजगाई घिमिरे [redacted]

छोरी/ज्वाईं
[redacted] स्वती कोइराला/सोमनाथ को [redacted]
[redacted] या न्यौपाने/नरेन्द्र न्यौपाने
[redacted] माया खनाल/पुन्यप्रसाद ख [redacted]
[redacted] भण्डारी/ रञ्जित भण्डारी
[redacted] कुंवर/मेजर शम्शेर कुंवर [redacted]

नाति: आभाष घिमिरे [redacted] : सुनिता, आकृति, साइस्ता, सा [redacted]

एवम् समस्त घिमिरे प [redacted] बुद्धशान्ति-१, हडिया बुधवारे, [redacted]



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
हल्लाको पछि लाग्दा दु:ख पाइनेछ । शत्रुभाव राख्नेहरूबाट सजग रहनुपर्ला । लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । यात्राको अवसर आउला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ र [redacted] ारता आउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि** [redacted]
अध्ययनका लागि यात्रा गर्ने प्रि [redacted] छ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त [redacted] ादामा वृद्धि होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ,** [redacted]
व्यापारमा सामान्य र पशुपालन [redacted] राम्रो लाभ मिल्नेछ । रोकिएका काम [redacted] र्फ अग्रसर भइनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक [redacted] काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुप [redacted]

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
कृषि तथा पशुधनले मनग्गे फाइदा दिलाउनेछ । रोकि [redacted] काममा भने दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बगैंचा, फूलबारी र घरको साजसज्जामा समय बित्ने [redacted] टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् । दोहो [redacted] प्रयत्न गर्दा लक्ष्यमा पुगिनेछ ।

[redacted] **मकर (भो, ज, जि, खि, खु, खे, खो, गा,** [redacted]
विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति [redacted] सहज नरहला । चिताएका काममा बेलैमा य [redacted] प्रारम्भ गर्दा फाइदा हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** [redacted]
बलभन्दा बुद्धिको उपयोगले काम बन्नेछ । [redacted] मान्यजन तथा अग्रजहरूले साथ दिनेछन् । [redacted] सहयोग मिल्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
[redacted] मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन स [redacted] लाभांश खर्च भए पनि व्यापार बढ्नेछ ।